# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)


## (विवरण सार्वजनिक गरेको अवधि आ.ब. २०८०/८१ को दोस्रो त्रयमाससम्म)

१. **निकायको स्वरूप र प्रकति :**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

३. निकायमा रहने कर्मचारी संख्या र विवरण :
कार्यरत कर्मचारी संख्या ६१६ रहेको छ । संस्थाले तोकेका कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । व्यवस्थापन समूहका सदस्यहरूको नाम संस्थाको वेवसाईट : www.meromicrofinance.com मा हेर्न सकिन्छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिन सक्ने सम्पुर्ण वित्तीय सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण संस्थाको वेवसाईट : www.meromicrofinance.com अर्न्तगत Contact को Branches खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाको वेवसाईट: www.meromicrofinance.com अर्न्तगत Product and Services को Product Chart खण्डमा प्रकाशित गरिएको छ ।

७. **निणर्य गर्ने प्रक्रिया र अधिकारी :**
वित्तीय कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले विभिन्न प्रकारका निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
सदस्यहरूको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।
श्री रामहरि दाहाल
प्रमुख कार्यकारी अधिकृत
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।
फोन नं. ०१०-५६१७४६, ५६१७४७, ०१-५३१५९३६, ५३१५९३७
ईमेल : corporate@meromicrofinance.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गका संस्थाले गर्न सक्ने सम्पूर्ण वित्तीय कारोबारहरू सम्पादन भईरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पद :**
सदस्यहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।
श्री नवराज दाहाल
नायव प्रमुख कार्यकारी अधिकृत
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६, ५६१७४७, ०१-५३१५९३६, ५३१५९३७
ईमेल : corporate@meromicrofinance.com

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पुर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू संस्थाले पालना गर्न पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय कार्यका लागि प्रमुख रूपमा रहेका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. कम्पनी ऐन, २०६३
४. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
५. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४
६. धितोपत्र सम्बन्धी ऐन, २०६३
७. सुरक्षित कारोबार ऐन, २०६३
८. करार ऐन, २०५६
९. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१०. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरू
११. संस्थाले कारोबार सञ्चालनका लागि बनाएको सम्पूर्ण नियम, विनियम तथा निर्देशिकाहरू

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुदै आएको छ भने संस्थाको वेवसाईट : www.meromicrofinance.com मा समेत रहेको छ ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
श्री रामहरि दाहाल
प्रमुख कार्यकारी अधिकृत
मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६, ५६१७४७, ०१-५३१५९३६, ५३१५९३७
ईमेल : corporate@meromicrofinance.com

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक नियमले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
यस संस्थाले वित्तीय कारोवार सम्बन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण :**
www.meromicrofinance.com

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, स्वं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
हालसम्म संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, स्वं प्राविधिक सहयोग र सम्झौता गरेको छैन ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**
संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । भने संस्थाको वेवसाईट : www.meromcrofinance.com मा समेत रहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
हाललाई सूचना वर्गीकरण नगरिएको ।

१९. सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:
हालसम्म संस्थामा कुनै निवेदन प्राप्त नभएको ।

२०. **सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :**
बार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाईटमा समेत प्रकाशन गरिएको छ । साथै संस्थाको आर्थिक विवरण त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाईट : www.meromicrofinance.com मा समेत प्रकाशित गदै आएको छ ।


**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।
फोन नं. ०१०-५६१७४६/४७